# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७६।१०।०१ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला सुर्खेत भेरीगंगा नगरपालिका वडा नं. १३ स्थित साजगोठेरी सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष लगायतको मिलेमतोमा वन हेरालुलाई पारिश्रमिक बापत रकम उपलब्ध गराउँदा नक्कली बिल भरपाई गरी रकम हिनामिना गरेको भन्ने उजुरी/निवेदनउपर अनुसन्धान हुँदा जिल्ला सुर्खेत भेरीगंगा नगरपालिका वडा नं. १३ स्थित साजगोठेरी सामुदायिक वन उपभोक्ता समूहको राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय, सुर्खेतमा रहेको चल्ती खातामा रहेको रकमबाट वन उपभोक्ता समूहमा अध्यक्ष कहरसिंह नेपालीले उक्त सामुदायिक वन उपभोक्ता समूहको अध्यक्ष हुँदा बिभिन्न व्यक्तिहरुले रकम बुझेको नक्कली बिल भरपाई बनाई आफैले सो रकम लिएको/हिनामिना गरेको पुष्टि हुन आएकोले निजले नेपाल सरकारलाई हानिनोक्सानी पुऱ्याउने बदनियतले जम्मा रु. २,१६,५००।— (दुई लाख सोह्र हजार पाँच सय) सरकारी रकम आफूलाई गैरकानूनी लाभ र नेपाल सरकारलाई गैरकानूनी हानिनोक्सानी पुऱ्याउने कार्य गरेको पुष्टि हुन आएबाट निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर अपराधमा निज कहरसिंह नेपालीलाई बिगो रु. २,१६,५००।— कायम गरी सोही ऐनको दफा १७ ले निर्दिष्ट गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय गरी हानिनोक्सानी गरेको बिगो रकम सोही ऐनको दफा १७ बमोजिम असुलउपर हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

प्रवक्ता
प्रदीपकुमार कोइराला